नगर कार्यपालिकाको २०औं बैठक मिति २०८२/०३/०९ मा प्रस्तुत प्रस्तावहरु:

१. आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम र वार्षिक बजेट सम्बन्धमा

२. वनगाड कुपिण्डे नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि,२०७५ मा संशोधन सम्बन्धमा

३. स्वास्थ्य सेवासँग सम्वन्धित कर्मचारी करारमा पदपूर्ति गर्ने सम्वन्धमा

निर्णयहरु:

१. यस नगरपालिकाले आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम र वार्षिक बजेट उपर छलफल गरियो ।यस सम्बन्धमा मिति २०८२/०३/१० गते बस्ने कार्यपालिकाको वैठकमा पुनः छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो ।

२. वनगाड कुपिण्डे नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि,२०७५ को दफा ६ पछि देहाय बमोजिम दफा ६क. थप गरी संसोधन गर्ने निर्णय गरियो।

६क. प्रतिष्पर्धात्मक परीक्षाबाट छनौट सम्बन्धी व्यवस्था: (१) यस कार्यविधिको दफा ४,५ र ६ मा जुनसुकै कुरा लेखिएको भएतापनि प्राविधिक कर्मचारी करारमा भर्ना गर्दा प्रतिष्पर्धात्मक लिखित परीक्षा तथा अन्तरवार्ताको माध्यमबाट मात्र कर्मचारी छनौट गर्ने गरी नगर कार्यपालिकाले निर्णय गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रतिष्पर्धात्मक लिखित परीक्षा र अन्तरवार्ताको माध्यमबाट कर्मचारी छनौट गर्ने निर्णय भएमा दफा ५ बमोजिमको अन्तर्वार्ता तथा सूचीकरण समितिले पदपूर्ति समितिको रुपमा काम गर्नेछ ।पदपूर्ति समितिले लिखित परीक्षा संचालन, लिखित परीक्षाको नतिजा प्रकाशन, अन्तर्वार्ता लिने र योग्यताको आधारमा करार नियुक्तिको लागि नगरपालिका समक्ष सिफारिस गर्नेछ।

(३) उपदफा (१) बमोजिम प्रतिष्पर्धात्मक लिखित परीक्षा र अन्तरवार्ताको माध्यमबाट कर्मचारी छनौट गर्दा कर्णाली प्रदेश लोक सेवा आयोगले सम्बन्धित पदको लागि निर्धारण गरेको पाठ्यक्रमलाई सम्वन्धित पदको पाठ्यक्रमको रुपमा लिन सकिनेछ।

३. यस नगरपालिकामा आर्थिक वर्ष २०८२/८३ मा स्वास्थ्य सेवासँग सम्वन्धित कर्मचारी करारमा पदपूर्ति गर्दा प्रतिष्पर्धात्मक लिखित परीक्षा तथा अन्तरवार्ताको माध्यमबाट मात्र पदपूर्ति गर्ने निर्णय गरियो ।

२०८२/०३/०९

२०८२/०३/०९